सर्वोच्च अदालत, संयुक्त इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुली

माननीय न्यायाधीश श्री शारदाप्रसाद घिमिरे

०७३ - RE-०३०३, ०७३ - RE-०३०४

विषयः वेरीतको आदेश बदर गरी पाउँ।

गणेशप्रसाद साह------------------------------------------------------- निवेदक/प्रतिवादी

विरुद्ध

नेपाल सरकार------------------------------------------------------------प्रत्यर्थी/वादी

०७३ - RE-०३२८, ०७३ - RE-०३२९, ०७३ - RE-०३३०

ध्रुव थापा भन्ने रुद्रविक्रम थापा------------------------------------------ निवेदक/प्रतिवादी

विरुद्ध

नेपाल सरकार------------------------------------------------------------प्रत्यर्थी/वादी

०७३ - RE-०३३८

सन्तोष सुवेदी भन्ने चित्रबहादुर सुवेदी------------------------------------ निवेदक/प्रतिवादी

विरुद्ध

नेपाल सरकार------------------------------------------------------------प्रत्यर्थी/वादी

मुद्दाः बैकिङ कसूर।

यसमा निवेदन र उच्च अदालत पाटन, हेटौडा इजलासबाट पेश भएको कैफियत प्रतिवेदन लगायत मिसिल संलग्न कागजातहरुको अध्ययन गरी निवेदक गणेशप्रसाद साहको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री महादेवप्रसाद यादव, अधिवक्ता श्री किसोरकुमार विष्ट, निवेदक ध्रुव थापा भन्ने रुद्रविक्रम थापाको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री बद्रिवहादुर कार्की, प्रतिवादी सन्तोष सुवेदी भन्ने चित्रबहादुर सुवेदीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री योगेन्द्रबहादुर अधिकारी, श्री भोजबहादुर ढकाल, श्री नरबहादुर योगी र छिमेकी

लघुवित्त विकास बैकको तर्फबाट अधिवक्ता श्री सुनिलकुमार पोखरेल एवं श्री भरतराज पोखरेलले गर्नु भएको बहस समेत सुनियो ।

वादी नेपाल सरकारले निवेदक प्रतिवादीहरुले छिमेक लघुवित्त विकास बैकको रकम हिनामिना तथा दुरुपयोग गरेको तथ्य मिसिलबाट प्रमाणित भएको हुँदा निजहरुलाई बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ७ (घ) (च) (झ), दफा ९ को उपदफा (१) (२), दफा १२ को क(२) को कसूरमा ऐ. ऐनको दफा १५ बमोजिम सजाय हुन माग दावी लिई उच्च अदालत पाटन, हेटौडा इजलासमा अभियोगपत्र पेश गरेको देखिन्छ । बैङ्किङ्ग कसूर तथा सजाय ऐन बैङ्क तथा वित्तीय संस्थाको कारोवारमा हुन सक्ने कसूरजन्य कार्यबाट बैङ्क तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गरी बैङ्क तथा वित्तीय प्रणालीप्रति विश्वासनियता अभिवृद्धि गर्न समेतका लागि बनेको तथ्यमा विवाद छैन । बैंक तथा वित्तीय प्रणाली प्रति विश्वासनीयता अभिवृद्धि गर्न निक्षेपकर्ताबाट बैंङ्कमा जम्मा भएको रकमलाई सही ढंगले परिचालन गरी बैकिङ्ग कार्य सञ्चालनलाई प्रभावकारी बनाउनु अपरिहार्य छ। निक्षेपकर्ताबाट प्राप्त भएको रकम बैंकमा दाखिला नभई वा अन्य तरिकाले हिनामिना वा दुरूपयोग भएमा बैंक तथा वित्तीय प्रणालीमा जोखिमको अवस्था आउन सक्ने कुरालाई यस अदालतले इन्कार गर्न मिल्दैन। यस विवादमा निवेदक प्रतिवादीहरूले छिमेक लघुवित्त विकास बैंकको रकम हिनामिना तथा दुरूपयोग गरेको भन्ने दावी लिई अभियोगपत्र पेश भएको देखिन्छ। बैङ्कको रकम हिनामिना तथा दुरुपयोग गरेको अभियोगमा मुद्दा दायर भएको स्थितिमा एकातर्फ त्यसरी हिनामिना वा दुरुपयोग गर्ने व्यक्ति उपर कानूनबमोजिम कारवाही हुन जरुरी हुन्छ भने अर्कोतर्फ हिनामिना भएको भनी दावी लिएको रकम सर्वसाधरण निक्षेपकर्ताको निक्षेपको रकम भएकाले तत्काल बैकमा जम्मा गरी बैकको कार्य सञ्चालन पूर्ववत रुपमा चल्नु पर्दछ ।

बैक तथा वित्तीय संस्थाको निक्षेप हिनामिना वा दुरुपयोग भएको अवस्थामा बैकले आशातित प्रतिफल प्राप्त गर्न सक्दैन । यस्तो अवस्थामा प्रतिवादीहरूले हिनामिना वा दुरुपयोग गरेको विगो तत्काल निजहरूबाट बैंकमा जम्मा गराउँदा नै बैंकले प्रतिफल प्राप्त गर्न सक्ने

देखिन्छ । प्रस्तुत मुद्दाको सन्दर्भमा प्रतिवादीहरुले अभियोग दावी बमोजिमको कसूर गरेका हुन वा होईनन भन्ने विषयको निर्णय पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै भएकाले यस मुद्दाको कारवाही प्रकृयाका सन्दर्भमा र यस्तै प्रकृतिका अन्य मुद्दामा समेत देहायबमोजिम गर्नु पर्ने देखिएको छ । तसर्थ तल उल्लिखित न्यायिक जानकारीको प्रभावकारी कार्यान्वन र पालनाको लागि नेपाल कृषि बिकास बैङ्क, राष्ट्रिय बाणिज्य बैङ्क लगायतका बैङ्क तथा वित्तीय संस्थामा पत्रचार गर्नु भनी यो आदेशको प्रमाणित प्रतिलिपि नेपाल राष्ट्र बैङ्कमा लेखी पठाउनु ।

१. बैङ्क तथा वित्तीय कारोवार गर्ने निकायहरुमा हुने कुनै पनि बैङ्किङ्ग कसूरमा कुनै पनि प्रतिवादीले गैरकानूनी तवरबाट बैकको निक्षेप हिनामिना वा दुरुपयोग गरेको, गैरकानूनी तवरबाट चेकद्वारा भुक्तानी दिने र अनुचित तवरबाट बैकको रकम हिनामिना वा दुरुपयोग गरेको देखिएमा त्यस्तो गैर कानूनी कार्य गर्ने व्यक्तिबाट त्यसरी अपचलन भएको, हिनामिना वा दुरुपयोग गरेको, विद्युतीय माध्यमको दुरुपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिनु दिनु गरेको प्रष्ट देखिएको अवस्थामा मुद्दाको अनुसन्धान गर्ने अनुसन्धान अधिकृतले अनुसन्धान गर्दा होस वा अदालतमा मुद्दा दर्ता हुँदाको अवस्थामा होस त्यस्तो गैरकानूनी कार्य गर्ने व्यक्तिले हिनामिना वा दुरुपयोग गरेको भनी पुष्टि भएको बिगो बैकको विश्वासनियता कायम गर्न कसूरजन्य कार्य गर्ने व्यक्तिबाट सम्बन्धित बैक वा वित्तीय संस्थामा नगदै रकम जम्मा गराउन लगाउने ।

२. सम्बन्धित बैक वा वित्तीय संस्थामा नगदै रकम जम्मा गरेको नगदी रसीदको सक्कल भौचर मिसिल सामेल गराउन लगाउने ।

३. मुद्दा फैसला हुँदा बैङ्क ताथ वित्तीय संस्थाको हिनामिना वा दुरुपयोग भएको आरोप पुष्टि नभै सफाई पाउने ठहर भएको अवस्थामा अनुसन्धानमा जम्मा गरेको रकम व्याज सहित फिर्ता दिने व्यवस्था मिलाउने ।

४. बैकिङ्क कसूर अर्थात यस प्रकृतिका मुद्दामा जरिवाना वा कैद हुने हकमा प्रतिवादीबाट जेथा जमानत, बैक जमानत वा नगद धरौट माग गर्ने र माग गरेको जेथा

जमानत, बैङ्क जमानत वा नगद धरौट तिर्न बुझाउन नसकेमा मात्र प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि थुनामा पठाउन उपयुक्त देखिएकोले सो बमोजिमको कार्य सम्पादन गर्न समेतको लागि यो आदेश जारी भएको छ ।

<u>उच्च अदालत पाटन, हेटौडा वाणिज्य इजलास के,</u>

यस मुद्दाका सम्बन्धमा विचार गर्दा निवेदक प्रतिवादी उपर एकै विषय र प्रकृतिका विभिन्न मुद्दाहरु दायर भएको देखिए पनि निज निवेदक प्रतिवादीहरुले के कती रकम हिनामिना र दुरुपयोग गरेको भन्ने कुरा सबै मुद्दामा स्पष्ट उल्लेख भएको नदेखिँदा दायर भएका सबै मुद्दामा पृथक-पृथक बिगो एकीन गरी माथि उल्लेख भए बमोजिम बिगो बैङ्कमा जम्मा गर्न लगाई कैद सजाय र जरिवानाको हकमा जेथा जमानत, बैङ्क जमानत वा नगद धरौट राखी मुद्दामा पुर्पक्ष गर्न दिने गरी आदेश गर्नु पर्ने देखिएकोले निवेदक प्रतिवादीहरुको हकमा ताहाँ उच्च अदालत पाटन, हेटौडा इजलासको मिति २०७३।१२।८ को आदेश बदर गरी दिएको छ। कारवाहीको क्रममा प्रतिवादीहरुबाट बिगो नगदै बैङ्कमा जम्मा गरी गराई कैद र जरिवानाको हकमा जेथा जमानत, बैङ्क जमानत वा नगद धरौट राखेमा प्रतिवादीलाई थुनामुक्त गरी दिनु ।

<u>सर्वोच्च अदालत के,</u>

यस आदेशको प्रतिलिपि एकाशिघ्र छिटो साधनबाट उच्च अदालत पाटन, हेटौडा इजलास, सबै उच्च अदालत र नेपाल राष्ट्र बैङ्कमा लेखी पठाउनु ।

न्यायाधीश    प्रधान न्यायाधीश

ईति संवत् २०७४ साल श्रावण महिना २७ गते रोज ६ शुभम्.................।